# प्रतापपुर गाउँपालिकाको विनियोजन ऐन २०७५
## सम्बत २०७५ सालको ऐन नं.२

प्रतापपुर गाउँपालिका, नवलपरासीको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७५।०३।२६

**प्रस्तावनाः**

प्रतापपुर गाउँपालिका, नवलपरासीको आर्थिक बर्ष २०७५र७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम प्रतापपुर गाउँपालिका, नवलपरासीको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “प्रतापपुर गाउँपालिका, नवलपरासीको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५/७६ कोनिमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवार कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५०,७७,०४,७३४.०० (अक्षेरुपी रुपैयाँ पचासकरोड सतहत्तर लाख चार हजार सात सय चौतिस) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३ .विनियोजन स(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७५/७६ को निमित्त प्रतापपुर गाउँपालिका, नवलपरासीको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने से वा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियो जन गरेको रकममध्येकुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुनेशीर्षकबाटनपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाटसो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्चजनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित र कम साँवाभुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फसार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकमब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथापूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमसार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सोशीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दाबढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

प्रमाणिकरण मिति

आज्ञाले
बोध राज बस्याल
प्रमुख प्रशासकिय अधिकृत